दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१

वर्ष ३७ | अंक १५२ | बुटवल | २०८२ जेठ १५, गते बिहीबार | नेपाल संवत ११४५ | Thursday May.29, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

संविधान दिवसको आममाफीको दूष्परिणाम :

# जेलबाट छुटेको एकवर्षमै पूर्व पत्नी र दुई बालिकाको निर्मम हत्या

**राष्ट्रपतिबाट कैद मिनाहा भएका सुजनमाथि कर्तव्य ज्यान, चोरी र भागी-भगाइएको गरी तीन मुद्दा थिए। उनी एकपछि अर्को कारागार ट्रान्सफर भइरहेका थिए।**

**टिआर शर्मा**
*बुटवल*

पाल्पाको तानसेन नगरपालिका ७ (साविक वडा नं. ११ ) बाघखोर (प्रवास) पुर्ख्यौली घर भएका सुजन कोइरालाले आफ्नै दाजुको हत्या गरेको अभियोगमा कारागारमा कैद भुक्तान गरिरहेका थिए । सुजनले २०६९ साल पुस २३ गते राति आफ्नै सहोदर माइला दाजु २५ वर्षीय सुदिप कोइरालाको धारिलो हतियारले हत्या गरेका थिए। सोही अपराधमा उनी जेलमा थिए, तर उनलाई असल आचरण भएको भन्दै २०८१ सालको संविधान दिवसको अवसर पारेर राष्ट्रपति कार्यालयले आममाफी दियो। उनी पूरा कैद भुक्तान नगरी जेलमुक्त भए। उनै सुजनले जेलमुक्त भएको एक वर्ष नबित्दै बुधबार राति डिभोर्सी पत्नी ३४ वर्षीया दीपा बस्याल र अबोध बालिकाहरु ७ वर्षकी स्नेहा तथा ४ वर्षकी हिमानीलाई आफ्नै घर बोलाएर रातिमा नृशंस तरिकाले एउटै बेडमा हत्या गरे।

प्रेम विवाह भएको चार महिनामै सुजनले आफ्नै सहोदर दाइ सुधीरको हत्यागरी जेल चलान भएपछि दीपाले सुजनसँग सम्बन्धविच्छेद गरेकी थिइन् । त्यसपछि दीपाले कावासोतीका शंकर ढकालसँग दोस्रो विवाह गरेकी थिइन् । शंकर अहिले यूएईमा रोजगाररत छन् । दीपासँगै हत्या गरिएका दुई छोरी ढकालतर्फका हुन् ।

दीपा पाल्पाको तानसेनमा स्वास्थ्यकर्मी थिइन् । दीपा आफ्ना दुई छोरीसहित बुटवलमा आफन्तको विवाहमा आएको थाहा पाएर सुजनले आफ्नो घरमा बोलाएका थिए।

जेलमुक्त भएलगत्तै सुजनले दीपासँग पुनः फोन सम्पर्क गर्ने गरेको खुलेको छ। सुजनले दीपाका आफन्तलाई मारिदिनेसम्मको धम्की दिँदै आफूकहाँ आउन दबाब दिने गरेको स्थानीयहरु बताउँछन्।

सुजन बुटवल उप-महानगरपालिका-११ होराइजन स्कूल नजिकै मिलिजुली पथस्थित टिनको छानोसहितको एकतले घरमा बस्दै आएका थिए । 'सुजन निवास' लेखेको उक्त घरमा उनले जेलमा बनाएका हस्तकलाका सामग्रीले भरिएको छ।

**जेल सरेको सन्चै गरेका थिए सुजन**

आफ्नै दाजुको हत्या गरेको अभियोगमा २०६९ पुस २७ गते पाल्पा कारगारमा पुगेमा सुजन २०७१ असार २७ गते सिन्धुपाल्चोक कारागार सरुवा भएका थिए । २०७२ को भूकम्पका बेला उनी जेलबाट भागेर पाल्पामै फर्केर लुकेर बसेको अवस्थामा प्रहरीले पक्राउ गरी पुनः पाल्पा कारागारमा राखेको थियो । २०७३ फागुन १८ गते सुजनलाई भिमफेंदी कारागार मकवानपुर सरुवा गरिएको थियो। भिमफेदी कारागारबाट पुनः २०७४ भदौ १६ गते सुजनलाई लमजुङ कारगार सरुवा गरिएको थियो। भिमफेदी कारगारका प्रमुख जीवन निरौलाका अनुसार सुजनमाथि कर्तव्य ज्यान, चोरी र भागी भगाएको गरी तीन थरि मुद्दा थिए। 'सुजन पटक-पटक जेल ट्रान्सफर भएको देखिन्छ, कारागारमा झैंझगडा गर्ने, अरु कैदीलाई असर गर्ने गतिविधि गर्नेलाई अन्यत्र ट्रान्सफर गर्ने प्रचलन हुन्छ।'-उनले भने। कारगारमा असल आचरण देखिएमा विभाग, गृह मन्त्रालय हुँदै मन्त्रिपरिषद्ले निर्णय गरेर राष्ट्रपति कार्यालयमा पठाएरपछि संविधान दिवस, गणतन्त्र दिवस र प्रजातन्त्र दिवस गरी तीनमध्ये कुनै एउटा दिवसमा कैद मिनाहा भई रिहा गरिन्छ।

तर नेपालगञ्जका गुण्डा नाइके रिगलको रिहाई विवादित बनेपछि गत वर्षदेखि यसरी कैद मिनाहा दिन रोकिएको छ।

बुटवल ११ का एक स्थानीयको दाबीअनुसार सुजन नेकपा एमाले निकट हुन्। यद्यपि यसको स्वतन्त्र पुष्टी हुन बाँकी छ।

'डिभोर्स गरेर अर्कैसँग विहेसमेत गरिसकेकी दीपा सुजनसँग कसरी नजिकिइन् र उनको घर गइन् भन्ने खुलेको छैन,' रुपन्देही प्रहरी प्रवक्ता डीएसपी सुरज कार्कीले भने-'घटनाको विस्तृत अनुसन्धानपछि सबै कुरा खुल्ने छ, सुजनले दीपालाई कसरी आफ्नो घरमा बोलाए भन्नेबारे अनुसन्धान भैरहेको छ।'

सुजनको घर नजिकैकी पदमा रानाका अनुसार तीनजनाको हत्यापछि बिहान उनीसँग कुराकानी गरेका र सोध्दा सबै ठीक छ भनेको बताइन्। केही समय पहिलादेखि नै सुजनको घरमा एक जना महिला मास्क र क्याप लगाएर आउने गरेको, तर आफूले नचिनेको उनले खुलाइन्।



» बाँकी ३ पेजमा

## गृहमन्त्रीको राजीनामा मागले संसद लगातार अवरुद्ध

बुटवल । गृहमन्त्रीको राजीनामा माग्दै विपक्षी दलहरूले अवरोध गरेपछि संसद बैठक लगातार दोस्रो दिन कार्यसूचीमा प्रवेश नगरी स्थगित भएको छ। अब जेठ १५ गते दिउँसो साढे १ बजे बैठक बस्नेछ।

बुधबार बिहान ११ बजेका लागि डाकिएको बैठक १ बजे मात्रै सुरु भएको थियो । चार मिनेटमात्रै बसेको बैठकमा विपक्षी दलहरुले भिजिट भिसा प्रकरणमा गृहमन्त्री रमेश लेखकको राजीनामा मागेर उठेर विरोध जनाएपछि सभामुख देवराज घिमिरेले ३० मिनेटको लागि स्थगित गरेका थिए।

बैठक स्थगितको सूचना सुनाएर प्रमुख सचेतकहरूसँग छलफल गरेका थिए। तर बैठक सञ्चालनबारे दलहरूबिच सहमति जुट्न नसकेपछि सभामुखले दिउँसो साढे ३ बजे बैठक बस्ने सूचना गरेका थिए।

संसद बैठक स्थगितपछि बसेको बैठकमा विपक्षीहरूले गृहमन्त्रीको राजीनामा नै बटम लाइन भएको दोहोऱ्याइरहेपछि बैठक बिहीबार दिउँसो १ बजेसम्मका लागि स्थगित भएको हो।

## भिजिट भिसा प्रकरणमा संलग्न छैन : गृहमन्त्री

बुटवल । भिजिट भिसा प्रकरणमा मुछिएका गृहमन्त्री रमेश लेखकले आफ्नो त्यसमा कुनै पनि संलग्नता नभएको बताएका छन् । बुधबार पत्रकार सम्मेलनमार्फत् जवाफ दिँदै उनले आफूमाथि लागेका आरोपको प्रतिवाद गरेका हुन् । 'त्रिभुवन अध्यागमनका सह-सचिव तीर्थराज भट्टराईलाई अख्तियारले नियन्त्रणमा लिएर उनीसँग रहेका कागजात र मोबाइल डिभाइसहरू चेकजाँच गरिरहेको सञ्चारमाध्यमबाट जानकारी पाएँ,' लेखकले भने-'अख्तियारले अनुसन्धान थालेको यस विषयलाई लिएर मन्त्रीको संलग्नता छ भन्ने गरी विचारहरू अभिव्यक्त भएका छन् ।'

उनले थपे-'यो जसरी संलग्नता देखाएर समाचारहरू धारणा सार्वनजनिक भएका छन् । यो बेठिक कुरा हो र मेरो संलग्नता छैन भन्न चाहन्छु । निवेदन गर्छु यो राजनीतिक पूर्वाग्रहले प्रेरित छ ।'

उनले यसबारे आफूले संसदमै धारणा राख्न चाहेको भए पनि विपक्षी दलहरुको अवरोधका कारण त्यो पूरा हुन नसेकको बताए ।

» बाँकी ३ पेजमा

## आज संघीय सरकारको बजेट आउने दिन




बुटवल । संघीय सरकारको बजेट आज जेठ १५ गते आउने परम्परा छ। तर संसदमा विपक्षी दलहरुको अवरोध पनि कायमै छ।

संवैधानिक व्यवस्थामा बाँधिएका कारण पनि सरकार आज जेठ १५ गते राष्ट्रियसभा र प्रतिनिधिसभाको संयुक्त बैठकमा जसरी पनि बजेट ल्याइछाड्ने तयारीमा सरकार जुटेको छ।

नेपालको संविधानअनुसार जेठ १५ गते अर्थमन्त्रीले संघीय संसदका दुवै सदनको संयुक्त बैठकमा बजेट पेस गर्ने व्यवस्था छ। यस्तोमा सरकारले चाहेर पनि मिति परिवर्तन गर्न सक्दैन।

मंगलबार अर्थमन्त्री विष्णुप्रसाद पौडेलले संसदमा 'आर्थिक सर्वेक्षण' पेस गर्ने कार्यतालिका रहे पनि विपक्षीको अवरोधले गर्दा पाएनन्। संसदमा पेस गर्नैपर्ने भएका कारण मंगलबार आर्थिक सर्वेक्षण नै सार्वजनिक हुन सकेन।

अर्थ मन्त्रालयका सह-सचिव श्यामप्रसाद भण्डारीले आर्थिक सर्वेक्षण संसदमै पेस गर्नुपर्ने व्यवस्था रहेको र पेस भएपछि मात्रै सार्वजनिक हुने बताए।

'आर्थिक सर्वेक्षण संसदमा पेस भएपछि मात्रै सार्वजनिक हुन्छ।'-भण्डारीले भने।

विपक्षी दलहरू नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसदहरूले प्रतिनिधिसभाको बैठक अवरुद्ध पारेपछि मंगलबार कार्यतालिकाअनुसार संसद बैठक नै चल्न पाएन।

भिजिट भिसा प्रकरणमा गृहमन्त्री रमेश लेखकको राजीनामा माग्दै विपक्षी दलका सांसदहरूले लगातार संसद बैठक चल्न दिएका छैनन्।

पूर्वअर्थमन्त्री समेत रहेका नेकपा माओवादी केन्द्रका सांसद वर्षमान पुनले गृहमन्त्रीले राजीनामा नदिएसम्म संसद चल्न नदिने बताए।

» बाँकी ३ पेजमा

पर्यटन डिभिजन कार्यालय,रुपन्देहीको हार्दिक अनुरोध

- तपाईंको सुरक्षा, हाम्रो प्राथमिकता।
- सही जानकारीसहित यात्रा गरौं।
- पर्यटनको विकास, समृद्धिको आधार' भन्ने भनाइलाई आत्मसात् गरौं।
- भ्रमण अघि सूचना संकलन गरी सुरक्षित यात्रा गरौं।
- पर्यटन सम्बन्धी जानकारीको सही उपयोग गरौं।
- ध्वनि प्रदूषण र अव्यवस्थित गतिविधिबाट पर्यटन स्थललाई जोगाऔं।
- स्थानीय उत्पादन तथा सेवाहरूलाई प्राथमिकता दिऔं।
- पर्यटन स्थलहरूमा फोहोर नफालौं।
- प्रकृति र संस्कृति जोगाऔं।
- प्राकृतिक सम्पदाको दोहन होइन, संरक्षण गरौं।
- स्थानीय संस्कृति र परम्पराको संरक्षण गरौं।
- सबै पर्यटकलाई सद्भावपूर्वक स्वागत गरौं।

पर्यटन डिभिजन कार्यालय, रुपन्देही

## सम्पादकीय

# रैतीबाट नागरिक बनेको दिन

आज गणतन्त्र दिवस । वंश परम्पराको शासन अन्त्य भई नागरिक सर्वेसर्वा भएको दिन । जनता रैतीबाट सार्वभौम नागरिक बनेको दिन । सात दशक लामो अथक संघर्षबाट प्राप्त उपलब्धिको खुशीयालीमा उत्सव मनाउने दिन । मुलुकमा २०६५ साल जेठ १५ गते गणतन्त्र स्थापना भएयता धेरै परिवर्तन भएको छ । गणतान्त्रिक व्यवस्थालाई संस्थागत गर्न संविधान बन्यो । नेपालको संविधान २०७२ ले नै संघीय लोकतान्त्रिक गणतन्त्रलाई विधिवत रूपमा संस्थागत गर्‍यो । गणतन्त्र भनेको संसारको उन्नत शासन प्रणाली हो, जहाँ नागरिकले चुनेका प्रतिनिधिले शासन गर्छन् ।

२ सय ४० वर्षदेखि वंश परम्परामा आधारित शाहहरुले गर्दै आएको शासनको विधिवत अन्त्यभएपछि  मुलुकको मुहार देखिने संविधान बनेको छ । संविधानमा मुलुकको विविधता प्रतिविम्बित भएको छ । गणतन्त्र, समावेशीता, धर्म निरपेक्षता र संघीयता यी चार उपलब्धिका बारेमा संविधानले बोलेको छ । संविधानका यी चार उपलब्धिमध्ये कुनै एकलाई चलाउन खोज्दा अहिले प्राप्त सबै उपलब्धि सबै गुम्ने जोखिम छ । तसर्थ प्राप्त उपलब्धिको रक्षा र परिष्कृत गर्दै अघि बढ्न आवश्यक छ । संविधान साध्य होइन्, साधन हो । साधनको सही परिचालन गरेर नागरिकका आकांक्षा पूरा गर्ने जिम्मेवारी शासन सञ्चालन गर्ने जिम्मा पाएका राजनैतिक दलको हो । राजनैतिक दल नागरिक आवाज बोल्ने पात्रहरुको संस्था भएकाले उपलब्धिको रक्षा र ती उपलब्धिलाई नागरिकको जीवनशैली बनाउन सधैं जिम्मेवार हुनुपर्छ । संविधानमा नागरिकका अधिकार लिपिबद्ध भए, संविधानमा लिपिबद्ध भए भन्दैमा ती आफैं कार्यान्वयन हुने होइनन् । संविधानको सही कार्यान्वयनले नै नागरिकले प्राप्त अधिकार उपभोग गर्न पाउने हुन् । संविधानअनुसार कानुनी प्रबन्धको अभावमा संघीय लोकतान्त्रिक गणतन्त्र पर्याप्त ढंगले संस्थागत भएको छैन । आवश्यक कानुनी प्रबन्ध गरी व्यवस्थालाई संस्थागत गर्न सक्दा नै नागरिकले अपनत्व गर्न सक्छन् । नागरिक आकांक्षा पूर्ति हुनसक्छ ।

अहिले देखिएको व्यवस्था विरोधी गतिविधिलाई निस्तेज गर्ने उपाय भनेकै व्यवस्थालाई नागरिकले अपनत्वदिने खालको बनाउन सक्नु हो । नागरिकले व्यवस्थाप्रति अपनत्व गरूञ्जेल जो सुकैले व्यवस्था विरोधी हर्कत गरे पनि उनीहरु असफल हुन्छन् । नागरिकका आकांक्षा पूरा गर्नका लागि आवश्यक स्रोतको प्रबन्ध राज्यको प्राथमिकतामा पर्नुपर्छ । स्रोतको अभावमा संविधान नै कार्यान्वयन हुन नसक्ने जोखिम निम्तिने भएकोले राज्यको सामर्थ्य बढाउनुपर्छ । मुलुकमा सुशासन संकुचित हुँदै जानु लोकतान्त्रिक प्रणालीलाई अस्वस्थ हुन बल पुग्छ । तसर्थ स्वस्थ लोकतान्त्रिक प्रणाली निर्माणका लागि सुशासन कायम गर्ने, वैदेशिक नीतिमा स्थिरता र सार्वजनिक अंग तथा सामुदायिक संगठनमा तीव्र दलीयकरणलाई निरुत्साहित गर्न सक्दा लोकतान्त्रिक प्रणाली सबल बन्छ । सबल लोकतान्त्रिक प्रणालीबाट नै नागरिकका आशा र आकांक्षा पूर्ति हुन्छ । र, उनीहरु कसैको लहैलहै र उक्साहटमा पर्ने जोखिम कम हुन्छ । लामो संघर्षबाट प्राप्त उपलब्धिको रक्षा गर्न राजनैतिक दल र नागरिक सक्षम छन्, त्यो नै सबल लोकतन्त्रको उज्यालो भविष्यको मार्गचित्र हो ।

## १८औं गणतन्त्र दिवसः

# उपलब्धिको रक्षा गरौं



**झपेन्द्र जिसी**




कुरा साँचो हो, गणतन्त्र पूर्व राजालाई देवता वा भगवान् सरह मान्न सिकाइन्थ्यो । विष्णुका अवतार भनेर साना-साना नानीबाबुलाई प्राथमिक कक्षादेखि नै सिकाइन्थ्यो । कलिला नानीबाबुको मस्तिष्कमा यस खालको छाप लाउनका लागि अनेक गीत कविता भाटकविहरु सिर्जना गर्दथे ।

नेपालीका भाग्य विधाता तिम्रै जयजय होस् ! जस्ता गीत घोकाइन्थ्यो ।

श्रीमान् गम्भीर नेपाली प्रचण्ड प्रतापी भूपति श्री ५ सरकार महाराजाधिराजको सदा रहोस् उन्नति,

राखून् चिरायु देशले प्रजाफैलियोस्

पुकारौ जय प्रेमले, हामी नेपाली साराले ।

यही नै थियो राष्ट्रिय गान । यो गानमा के छ त ? यसो छलफल गरौं, जनता र राष्ट्रको होइन राजाको उन्नति प्रगति होस्, जनता फैलियोस् होइन, प्रजा फैलियोस् । अनि चिरायु, दीर्घजीवन स्वास्थ्य समृद्धि जनताको होइन, राजाको होस्, भनेर भनिएको छ । यो राजा शाहीकालीन राष्ट्रिय गान थियो । यसमा देशभक्तिको कुरा छनै, यसमा राजभक्तिको कुरा छ । व्यक्तिभक्तिको कुरा छ । दलाली संस्कृति निर्माणमा जोड दिइएको छ ।

पारिवारिक एकतन्त्रीय राणा शासनको अन्त्यपछि २००७ सालमा प्रजातन्त्र आयो भने पनि त्यतिखेर दलका प्रतिनिधिलाई प्रधानमन्त्री बनाइएन । यही पुरानै राणा प्रधानमन्त्री मोहन शमशेरलाई  प्रधानमन्त्री पदमा दोहोर्‍याइयो । अनि मन्त्री बन्न बनाउनका लागि पनि दलको सच्चा प्रतिनिधि भन्दा पनि कुनै न कुनै रुपमा राजाका दलाली हुनै पर्दथ्यो । जस्तो कि तुल्सी गिरी, नवराज सुवेदी आदि इत्यादि । २०१५ सालमा दुष्ट राजा महेन्द्रले संविधान जारी गरे । त्यसपछि भएको निर्वाचनमा नेपाली कांग्रेसले दुई बहुमत ल्याए पनि त्यसलाई राजा महेन्द्रले डेरे आँखाले पनि हेर्न चाहेनन् । त्यसैले २०१७ सालमा त्यो संसदीय व्यवस्थालाई प्रतिबन्ध लगाउँदै मन्त्रिमण्डल विघटन गरेर मात्र पुगेन । उनले त प्रधानमन्त्रीलगायत सबै दलका नेताहरु जो दलीय व्यवस्थाप्रति प्रतिबद्ध थिए, उनीहरुलाई अराष्ट्रिय तत्व भन्दै जेलसजाय समेत दिए । कैयौं नेताहरु ज्यानको सुरक्षाका लागि निर्वासित भए ।

यस्तो अवस्थामा बाहिरी दुनियाँलाई देखाउनलाई राजाले निर्दल नामको पञ्चायती प्रजातन्त्र लागू गरेका थिए । त्यो पञ्चायत प्रणालीमा गाउँदेखि केन्द्रसम्म निर्वाचन त हुने गर्दथ्यो ।  तर अधिकार केही पनि थिएन । राष्ट्रिय पञ्चायतलाई तत्कालीन अवस्थामा संसदको रुपमा लिने गरिन्थ्यो । तर उम्मेदवार कसलाई दिने कसलाई नदिने यो सिधैं नारायणहिटी दरबारको तजविजमा हुने गर्दथ्यो ।  २०२४ सालपछि उम्मेदवार छनौट गर्ने जिम्मा राजाले गाउँ फर्क राष्ट्रिय अभियानलाई दिए । त्यसरी नै तलदेखि माथिसम्म उम्मेदवार बन्न बनाउन राजाले त्यस्तै प्रक्रिया अविलम्बन गरे । गाउँ फर्क राष्ट्रिय अभियानको कडा विरोध भएको हुँदा गाउँ फर्क राष्ट्रिय अभियानलाई राजा  महेन्द्रपछि  राजा भएका  वीरेन्द्रले विघटन त गरे । तर त्यो भन्दा झन कडा पञ्चायत नीति तथा जाँचबुझ केन्द्रको गठन गरे ।

यसरी उसरी जसरी तसरी निर्दलीय पञ्चायती प्रजातन्त्रको नाममा बालिक मताधिकारमाथि कडा निगरानी गर्नु, वाक तथा प्रकाशन स्वतन्त्रतामाथि कडाइ गर्नु हरेक निर्वाचनमा पञ्चायत विरोधी कुनै पनि व्यक्ति गाउँ, नगर, जिल्ला पञ्चायत र राष्ट्रिय पञ्चायत र वर्गीय संगठनहरुमा उनीहरुको पहुँच नरहोस् भनेर पनि जाबुसले कडाई गर्दै जान थाल्यो ।

गाउँदेखि केन्द्रसम्म जो निर्वाचित हुन्थे तिनीहरुलाई सिडियो र अञ्चलाधीशले विशेष जिम्मेवारी दिएका हुन्थे । त्यो जिम्मेवारी भनेको के हुन्थ्यो त भने आफ्नो गाउँ क्षेत्रमा कोको कांग्रेस छन् र कोको कम्युनिष्ट छन्, तिनीहरुको अविलम्ब रिपोर्ट बुझाउनुपर्ने । ती पञ्चहरु विचारा जनताको भोटबाट निर्वाचित भए पनि जनताप्रति उत्तरदायी र जवाफदेही हुन पाउँदैथें । उनीहरु त राजा, पञ्चायत, सिडियो र अञ्चलाधीशप्रति जवाफदेही हुनुपर्दथ्यो । गाउँमा विकासको नाममा बजेट पठाइँदैनथ्यो । कुनै गाउँ पञ्चायतमा वा नगर पञ्चायतमा ५/७ हजार रुपैयाँ पठाइयो भने पनि त्यो बजेट अञ्चलाधीश, सिडियो, मन्त्री आउँदाखरि स्वागत गेट बनाउन र भोज भतेरका लागि पठाइएको हुन्थ्यो ।

स्वागत गेट बनाउने भने पनि तोकिएको रकम उठाएर जम्मा गर्न स्थानीय पञ्चायतहरु बाध्य थिए ।

जहाँनियाँ राणा शासनको अन्त्य २००७ सालमा भए पनि उच्च ओहोदामा राजाले उनैलाई राखे । यसको ज्वलन्त प्रमाण २००७ सालपछि पनि राणा प्रधानमन्त्री मोहन शमशेर नै प्रधानमन्त्री हुनुले प्रमाणित गर्दछ ।

दलका नेताहरुलाई धुर्त राजा त्रिभुवनले मुसाको बच्चा बिरालाले खेलाए झैं विधानसभाको चुनाव गराउने भनेर घोषणा गरे पनि विधानसभाको चुनाव गराएनन् । त्रिभुवनपछि राजा भएका दुष्ट राजा महेन्द्रले २०१५ सालमा नेपाल अधिराज्यको संविधान जारी गरेर २०१५ साल आम निर्वाचन गराए । आम निर्वाचनमा नेपाली कांग्रेसले दुई तिहाई सिट र नेकपाले पाँच सिट प्राप्त गरे पनि  दुई तिहाईको कांग्रेसको सरकारलाई अनेक आरोप लगाउँदै २०१७ साल पौष १ गते विघटन गरिदिए र दलहरुमाथि प्रतिबन्ध लगाए ।  अनि कथित निर्दलीय पञ्चायत मार्फत् निरंकुश शासन ३० वर्षसम्म चलाए । जन अधिकार माग्न खोज्ने मान्छेहरुको हत्या गराए, जेलनेल सेलमा सडाएर स्वेच्छाचारी शासन चलाए । ओखलढुंगामा सपुतहरुलाई घिरम्ला र चिचिण्डाझैं झुण्ड्याइएर सुखानीको जंगलमा मृग र खरायोझैं मारिए । धनकुटाको छिन्ताङमा रगतको खोलो बग्यो ।

बुटवलमा युवा विद्यार्थी चोकबहादुर गुरुङको हत्या गरियो भने कैयौं मानिसहरुलाई बेपत्ता पारियो ।

कथित उदार राजा वीरेन्द्रका चर्तिकला हुन् ।

नमिता सुनिता हत्या काण्डमा दरबारभित्रकै राजकुमारहरुको सिधा हात रह्यो ।

सुस्ता महेशपुर महाकालीको र महाकाली नदीको बायाँपट्टिको शारदा व्यारेजको व्यारेज निर्माण गर्न राजा र राजतन्त्रले जमिन छोडेको कुरा दिउँसो घामझैं छर्लङ्ग छ । त्यसरी नै लिम्पियाधुरा, लिपुलेक र कालापानी सबै त्यसै त्यसै छोडिदिने काम पनि राजतन्त्रले नै गरेको हो । चिल आयो चिल आयो भन्ने सबैले आकाशतिर हेरेको बेला कुखुराको चल्ला टिपेर भाग्न धुर्त स्याल खप्पिस भएझैं कथित राजा एण्ड कम्पनी आफूले बदमासी गर्ने, राष्ट्रघात गर्ने, तर दोष जति दलहरु र नेताहरुमा थोपर्नमा राजतन्त्र नै खप्पिस रहेछ । इतिहासलाई राम्रो गरी पढ्न नेपाली जनतालाई अनुरोध गरिन्छ ।

नेपालमा  २०६५ साल जेठ १५ गते विधिवत रुपमा राजतन्त्रको अन्त्य र गणतन्त्रको कार्यान्वयन सुरु भयो ।

गणतन्त्र कार्यान्वयन सुरु भएपछि राजतन्त्रकालमा तर खाइ पल्केका ढाँडे बिराला शासकहरु विभिन्न दल खोलेर निर्वाचनमा सहभागी भए । तर जनताले नपत्याएर भनेजस्तो सीट संख्या हासिल गर्न नसकेपछि पुरानो सडेगलेको वनवासी राजतन्त्रलाई उकास्न थालेको देखियो । बुद्धिविहीन ज्ञानेन्द्रलाई पनि दिन आउँछ कि भनेर चैत १५ गते आफ्ना केही सुडमुण्ड, नन्दी भृङ्गीहरुलाई कथित जनआन्दोलनको नाममा वितण्डता मच्याउन काठमाडौं तीनकुनेतिर पठाए । दुई जना मान्छे त मारिछाडे । ज्ञानेन्द्रको क्षमता यही थियो, त्यही देखाइ छाडे । आफ्नो सत्ता स्वार्थका लागि जो कोही मार्नु राजाशाही परिवारको शैली नै हो । सेती नदीमा कुमारी नमिता सुनितालाई बलात्कार गरेर कसले हत्या गर्‍यो ? स्वतन्त्र मिडिया थिएनन्, लेख्न बोल्न सबैको मुखमा कुलुप ठोकिएका हुन्थे र हातमा त्यसै त्यसै हत्कडी लगाइएको हुन्थ्यो । तर पनि यो कुरा एकान दुई कान मैदान हुँदै नमिता सुनिता हत्याकाण्ड दरबारले गरेको हो र सेती नदीमा उनीहरुको लास फ्याँकिएको हो भन्ने कुरा नसुन्ने को पो थियो र ?

दरबारभित्रका मान्छेहरु राजा रानी राजकुमार राजकुमारीहरुले गल्ती गर्दैनन्, उनीहरु त विष्णु भगवानका औतार औतार्नी हुन् भन्ने थियो । त्यसैले मनपरी थियो । महामनपरी थियो । उनीहरुका लागि यहीं न्याय थियो, यहीं निसाफ थियो, दरबारका लागि यही नै लोकतन्त्र थियो, यही नै विकास थियो, यही नै निकास थियो । यही नै शान्ति थियो ।

**निचोडः**

गणतन्त्र जनताको चलनचल्ती हो, जनताको व्यवस्था हो । गणतन्त्रमा कोही पनि मालिक हुँदैन, निश्चित अवधिमा प्रतिनिधि वा शासकहरु निर्वाचनद्वारा फेरिन्छन् । राष्ट्रपति, प्रधानमन्त्री फेरिन्छन् । जनताले भोट हालेर तलदेखि माथिसम्मका प्रतिनिधि छनौट गर्दछन् ।  लोकतान्त्रिक प्रणाली सर्वोच्च प्रणाली हो ।

लोक = जनता हो

तन्त्र = शासन व्यवस्था हो ।

लोकतान्त्रिक = जनताको शासन व्यवस्था हो ।

गणतन्त्र = इतिहासको कालक्रममा मुख्खेली व्यवस्था रहे, मुख्खेली व्यवस्था भनेको ठालुहरुको शासन हो । एक व्यक्तिको शासन हो । त्यही एक व्यक्तिको शासन प्रणालीको विकसित रुप राजतन्त्र हो । राजतन्त्र भनेको सामन्ती व्यवस्था हो । केही देशहरुमा राजतन्त्रले पुँजीवादी स्वरुप पनि ग्रहण गरेको देखिन्छ ।

हाम्रो देशको राजतन्त्र वंशानुगत (वंश परम्परामा आधारित रहेको हुँदा मूलतः सामन्ती नै हो ।) राजा वीरेन्द्रसहित उनको परिवारको वंश विनाशपछि वीरेन्द्रकै भाइ पर्नेलाई राजा बनाउनुको कारण पनि यही थियो । ज्ञानेन्द्र भन्ने मान्छेको कुनै त्यस्तो विशेष योग्यता त थिएन । ऊ दलाल पुँजीपतिहरुद्वारा घेरिएको वंशज परम्परा प्रणाली अनुसार राजा भएको घोषणा पनि दलालहरुले नै गरेका हुन् ।

नेपालको संविधान २०७२ अनुसार अब नेपालमा राजतन्त्र छैन र राजा पनि छैन । नेपालमा अहिले गणतन्त्र छ । निर्वाचित प्रणाली त्यही निर्वाचित प्रणालीले चीनसँग व्यापार पारवहन सन्धि गरेको छ । राजतन्त्रले त्यसै छोडेका लिम्पियाधुरा, लिपुलेक, कालापानी समेत समेटेर पूर्ण नक्सा जारी गरेको छ ।

जिल्ला प्रदेश र पालिकाहरु, पूर्वाधार निर्माण, स्वास्थ्य सेवा विस्तार शिक्षाको उचित व्यवस्थापन गर्दैछ । देश विद्युत् उत्पादन र विद्युतीकरणमा उँभो लागेको छ, धेरै राम्रा काम हुँदैछन् । भएका छन्, भएन भनेर राजाका पालामा यो राम्रो भयो त्यो राम्रो भयो भन्ने त प्रतिगामी शासकहरुको प्रचार हो ।  यस्तो कु प्रचारबाट नेपाली जनता होसियार हुन आवश्यक छ । आफ्नो थाप्लामा बन्चरो आफैंले हान्नु हुँदैन ।

# नेप्से परिसूचकमा दोहोरो अङ्कको सुधार



काठमाडौं । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा बुधबार दोहोरो अङ्कको सुधार देखिएको छ । नेप्से परिसूचक १७ दशमलव ४४ अङ्कले बढेर दुई हजार ६९३ दशमलव ०६ को विन्दुमा कायम भएको हो ।

३२३ कम्पनीको दुई करोड सात लाख ५९ हजार पाँच सय ४७ कित्ता शेयर ७७ हजार ३१६ पटक खरिदबिक्री हुँदा रु आठ अर्ब ५८ करोड ६० लाख चार हजार बराबरको कारोबार भएको छ । कारोबारमा जीवन बिमा समूह शून्य दशमलव २४, लघुवित्त शून्य दशमलव २६, निर्जीवन बिमा शून्य दशमलव २६ र अन्य समूह शून्य दशमलव ०६ प्रतिशतले घटेको छ । अरु सबै समूहको उपसूचक बढेको छ । बैंकिङ एक दशमलव ८८, विकास बैंक एक दशमलव २९, वित्त शून्य दशमलव १८, होटल तथा पर्यटन शून्य दशमलव ८१ र जलविद्युत् समूह शून्य दशमलव ८९ प्रतिशतले बढेको छ । त्यस्तै लगानी शून्य दशमलव ०३, उत्पादन तथा प्रशोधन शून्य दशमलव ६५, म्युचुअल फन्ड शून्य दशमलव ११ र व्यापार समूह शून्य दशमलव ०३ प्रतिशतले बढेको छ ।

कारोबारमा ओम मेगाश्री फर्मास्युटिकल्स लिमिटेड र प्युअर इनर्जी लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै घट्नेमा भने बाहारी हाइड्रोपावर पब्लिक लिमिटेडको शेयर मूल्य पाँच दशमलव २६ प्रतिशतले घटेको छ ।

# मोबाइलले हामीलाई त चलाउँदै छैन !

**खेम गैरे**

विगत केही दशकयता प्रविधिमा भएको तीव्र विकासले मानव जीवनलाई सहज, सरल र सुविधाजनक बनाएको छ । मोबाइल फोनको आविष्कारले विश्वलाई हातको हत्केलामा झारेको जस्तो महसुस गराएको छ ।

पहिले सञ्चारको एक साधनको रूपमा सुरु भएको मोबाइल आज सूचना, शिक्षा, मनोरञ्जन, व्यवसाय र दैनिक जीवन सञ्चालनको केन्द्रीय माध्यम बनेको छ । तर यही प्रविधिको अत्यधिक प्रयोगले अहिले आम मानिसहरूलाई फाइदाभन्दा पनि लततर्फ धकेलिरहेको अवस्था देखिन्छ ।

मोबाइलको लत अर्थात् आवश्यकताभन्दा धेरै समय र ऊर्जा मोबाइलमा खर्च गर्नु, जुन हाम्रो शारीरिक, मानसिक, सामाजिक र पारिवारिक जीवनमा नकारात्मक असर पार्दछ । बिहान उठ्ने बित्तिकै मोबाइल हेर्ने, सुत्नुअघि मोबाइल नछोड्ने, केही समय खाली हुनासाथ स्क्रोल गर्न थालेको बानी सामान्य जस्तो देखिए पनि यो लतको सूचक हो ।

विशेष गरी युवापुस्ता र बालबालिकामा मोबाइलको अत्यधिक प्रयोगले पढाइमा ध्यान केन्द्रित गर्न नसक्ने, आँखाको समस्या, निद्राको कमी, चिडचिडेपन र एक्लोपन जस्ता समस्या निम्त्याएको छ । हिजोको पुस्ताले कलम समाउँदै शिक्षा सुरु गर्‍यो, आजको पुस्ता टच स्क्रिनमै आँखा गाडेर ‘लर्निङ’ भनिरहेको छ ।

हामीले जुन प्रविधिलाई सुविधा मान्यौं, आज त्यो सुविधा आवश्यकता मात्र नभई परनिर्भरता हुँदै लतमा रूपान्तरण हुँदै गएको देखिन्छ । अनि यति बेला एक गम्भीर प्रश्न उब्जन्छ, के प्रविधिको उपयोगमा सन्तुलन राख्न हामी सक्षम छौं त ?

७२ वर्षे मेरी आमा पहिले मोबाइल चलाउने कुरामा डराउनु हुन्थ्यो । हरियो बटनले उठाउने र रातो बटनले काटिने बुझ्न पनि समय लाग्थ्यो । तर आज उहाँ फेसबुक, म्यासेन्जर, युट्युब, टिकटकजस्ता एपहरू आत्मविश्वासपूर्वक चलाउनुहुन्छ । कोही आफन्त भेट्दा भन्नुहुन्छ, ‘बाबु, फेसबुकमा आइडी के छ ? मलाई एड गर न ।’

यसैले लाग्छ, समयसँगै पुस्ता परिवर्तन मात्रै होइन, सोच र अभ्यास पनि डिजिटल हुँदै छ ।

मेरो पाँच वर्षे छोराले भ्लग बनाउँछु भनेर मोबाइल ठड्याउँछ । ‘आज हामी के खानेछौं, स्कुल गइयो, खेल्न गइयो’ सबै कुरा उसले मोबाइलमा कैद गर्छ । ऊ सिर्जनात्मक छ तर कहिलेकाहीं लाग्छ, के ऊ यति सानो उमेरमै भर्चुअल संसारमा अल्झिँदै त छैन ? मोबाइल उसले रमाइलो गर्न प्रयोग गर्छ तर अब त्यो रमाइलो उसकै संसार नबनोस् भन्ने चासो अभिभावकको रूपमा लाग्छ ।

हामी अभिभावकहरू पनि बच्चालाई भनेका हुन्छौं- ‘मोबाइल धेरै नचलाऊ, बाहिर निस्क, साथीभाइसँग खेल, मोबाइलले खत्तम बनायो ।’ तर आफैंलाई हेरेका छौं त ? हामी मोबाइल नहेरी खाना खान सक्छौं ? मोबाइल नलिई ट्वाइलेट जान सक्छौं ? बिछट्ट गफ गर्छौं । अचेलका बच्चा बिग्रिए भन्ने तर त्यो बिग्रन दिने लत बसाउने काम कसको हो ?

हाम्रो दोहोरो चरित्रले बच्चामा असर पार्दो रहेछ । आज बालबालिका मात्र होइन, वृद्ध, युवा, सबै उमेर समूह मोबाइलको मोहमा परेका छन् । सामाजिक भेटघाटको स्थान ग्रुप च्याट बनेको छ । साक्षात् भेटभन्दा जुम मिटिङ सजिलो लाग्छ । विद्यालयको गृहकार्यभन्दा युट्युब आकर्षक लाग्छ । अनि जब यस्ता व्यवहार नियमित बन्छन्, तब त्यो लत बन्छ ।

मोबाइल हाम्रो हातमा रहने वस्तु हो तर अहिले हामी नै मोबाइलको नियन्त्रणमा पर्न थाल्यौं । मोबाइल अब जीवनको सहयोगी होइन हाम्रो मालिक बन्न खोज्दै छ । हामीले मोबाइल चलाउने भन्दा पनि मोबाइलले हामीलाई चलाउन खोज्दै छ ।

प्रविधि दोषी होइन, दोषी हाम्रा प्रयोगका शैली हुन् । मोबाइल शिक्षा, सञ्चार, सिर्जनाका लागि एक अमूल्य साधन हो । तर यसको प्रयोगमा विवेक र सन्तुलन आवश्यक छ । अभिभावकले आफ्ना व्यवहारमा अनुशासन ल्याएर उदाहरण बन्नुपर्छ । बच्चालाई मोबाइल दिनुअघि प्रयोगको सीमा तय गर्नु जरुरी छ । समय तालिका, सामग्री छनोट, र वैकल्पिक सिर्जनात्मक क्रियाकलापद्वारा सन्तुलन कायम गर्न सकिन्छ ।

प्रविधिले जीवन सहज बनाएको छ तर सजिलोसँगै संवेदनशील पनि । मोबाइलले पुस्तालाई जोडेको छ तर लतले छुट्ट्याएको पनि छ । हामी आफैंले परिवर्तनको थालनी नगरेसम्म सुधार सम्भव छैन । सन्तुलित प्रयोग, आत्मनियन्त्रण र सचेत अभिभावकत्व नै आजको प्रविधिकालीन युगमा हाम्रो मार्गदर्शन बन्नुपर्छ । किनकि बालबालिकाले हाम्रो उपदेश होइन, व्यवहार सिक्छन् ।

हामी स्मार्टफोनको युगमा छौं तर फोन स्मार्ट भए पनि हामी मूर्ख बनिरहेका छौं । प्रविधि हाम्रो सहारा हो, त्यसको गुलाम होइन । बच्चाले हामीलाई हेरेर सिक्छन्, त्यसैले उपदेश दिनुभन्दा पहिला हाम्रै आचरण सुधारौं । मोबाइल नचल्दा त बाँचिन्छ तर मोबाइलमै हराउँदा जीवन बाँकी रहँदैन ।



***गणतन्त्र दिवसका अवसरमा मैत्रीपूर्ण फुटबल***

दाङको घोराही उप-महनगरपालिका-१८ स्थित नवलपुर खेल मैदानमा बुधबार कर्मचारी र जनप्रतिनिधिबिच भएको मैत्रीपूर्ण फुटबल खेल। गणतन्त्र दिवसका अवसरमा भएको मैत्रीपूर्ण खेलमा २ - ६ गोलको अन्तरले कर्मचारीको समूह विजय भएको थियो। तस्विर : कुलदीप न्यौपाने/ रासस

# स्थानीय जातको बीउ संरक्षण गर्दै सहकारी संस्था



राँझा । राप्ती सोनारी गाउँपालिका-६ स्थित साकार कृषि सहकारी संस्थाले स्थानीय रैथाने (परम्परागत) जातको खाद्य बालीको बीउ संरक्षण गर्दै आएको छ ।

एक दशकदेखि किसानलाई आवश्यक पर्ने स्थानीय परम्परागत जातको धान, मकै, गहुँ, मसुरो र तोरीको बीउ उत्पादन गरी किसानलाई सहज र सुलभ मूल्यमा उपलब्ध गराउँदै आएको संस्थाका मुख्य व्यवस्थापक जमानसिंह वलीले जानकारी दिए ।

"हामीले १० वर्षदेखि जिल्लामा उत्पादन हुने खाद्यबालीको बीउ उत्पादन गरी वितरण गर्दै आएपछि किसानलाई बीउ जोगाएर राख्नुपर्ने बाध्यता हटेको छ", उनले भने-"हामीले कृषि अनुसन्धान केन्द्र खजुराबाट सिफारिस स्थानीय परम्परागत जातको गुणस्तरीय बीउ उत्पादन गरी वितरण गर्न थालेपछि किसानलाई ठूलो राहत भएको छ ।"

सहकारीले यतिबेला स्थानीय रैथाने जातको धानको बीउ धमाधम बिक्री गर्दै आएको छ । सहकारीले यो वर्ष किसानलाई राधा-४ र रामधान नाम गरेको स्थानीय रैथाने जातको धान बिक्री गरिरहेको छ । साकार कृषि सहकारी संस्थाका आठ हजार बढी सेयर सदस्य छन् ।

हालसम्म राप्ती सोनारी गाउँपालिकालाई चार सय ४७ क्विन्टल, बैजनाथ गाउँपालिकालाई एक सय ५० क्विन्टल र फुटकर रूपमा किसान तथा एग्रोभेट व्यवसायीलाई धानको बीउ बिक्री वितरण गरिरहेको मुख्य व्यवस्थापक वलीको भनाइ छ ।

उनका अनुसार यस वर्ष साकार कृषि सहकारीले ११ सय क्विन्टल धानको बीउ बिक्री वितरण गर्ने लक्ष्य लिएको छ । गत वर्ष एक हजार पाँच सय क्विन्टल धानको बीउ बिक्री गरेको थियो । गत वर्षको तुलनामा यो वर्ष धानको बीउ केही कम उत्पादन भएको छ ।

साकार कृषि सहकारीले धानसँगै किसानलाई आवश्यक पर्ने स्थानीय रैथाने जातको मकै, गहुँ, मसुरो र तोरीको बीउ पनि उत्पादन गरेर किसानलाई बिक्री गर्दै आएको संस्थाका अध्यक्ष हुमाशङ्कर वलीले बताए ।

"किसानलाई आवश्यक पर्ने सबै बालीको गुणस्तरीय बीउ उत्पादन गरेर किसानलाई बिक्री गर्ने र किसानको उत्पादन खरिद गरेर बजारीकरणसमेत गर्ने गरेका छौँ", अध्यक्ष वलीले भने-"किसानलाई सहज र सुलभ तरिकाले बीउ बिक्री गर्नुका साथै स्थानीय रैथाने जातको बीउको संरक्षण गर्ने पनि हाम्रो उद्देश्य छ ।"

संस्थाको राप्ती सोनारी-५ बिनौनामा रहेको गोदामघरमा बीउ उत्पादन र भण्डारण हुँदै आएको छ । गोदामघर साँघुरो भएकाले आधुनिक गोदामघर निर्माणका लागि गाउँपालिका, लुम्बिनी प्रदेश सरकार र सङ्घीय सरकारसँग आवश्यक सहयोगको लागि आग्रह गरिएको अध्यक्ष वलीले जानकारी दिए ।

"स्थानीय जातका धानका बीउको विशेषताबारे स्थानीय किसानलाई जानकारी दिई खेतमा लगाउनका लागि उत्प्रेरण दिँदै आएका छौँ", सहकारीका व्यवस्थापक भरत केसीले भने-"किसानले स्थानीय जातका धानको महत्व बुझेर हाल पुनः छाड्दै गएका धानको खेती गर्न थालेका छन् ।"

उनका अनुसार, स्थानीय जातको धान रोग कीरा प्रतिरोधी, सुक्खा सहन सक्ने र डुबान भएमा समेत थोरै मात्र नोक्सानी हुने भएकाले धेरै टाढाबाट पनि यही जातका धानको बीउको खोजी गर्न किसान यहाँ आउने गरेका छन् । सहकारीले लागत खर्च कटाएर सहुलियतमा धानको बीउ उपलब्ध गराउँदै आएको छ ।

बीउ संरक्षणको कार्य हुँदै आएकाले लोप हुँदै गएका प्रजातिको संरक्षणमा टेवा पुगेको स्थानीय किसान अशोक चौधरीले बताए ।

सहकारीले बीउ उत्पादन गरी सरल र सुलभ तरिकाले बिक्री गर्न थाले पनि किसानलाई बीउ जोगाएर राख्नुपर्ने बाध्यता अहिले हटेको उनको भनाइ छ ।

# एउटै ढुङ्गाबाट मालिका मन्दिर पुनःनिर्माण



बागलुङ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले बागलुङको प्रसिद्ध मालिका मन्दिर पुनःनिर्माण गरेको छ। अहिले मन्दिरको पुनःनिर्माण सकिएर तामाको छानो राख्ने तयारी गरिएको छ ।

एउटै ठूलो चट्टानलाई काटेर निकालिएको ढुङ्गा कुँदेर भगवती मन्दिर पुनःनिर्माण गरिएको हो । जीर्ण अवस्थामा रहेको पुरानो मन्दिरलाई कलात्मक ढङ्गले ढुङ्गा र काठको मात्रै प्रयोग गरेर मन्दिर पुनःनिर्माण गरिएको हो । तीन तलाको प्यागोडा शैलीमा निर्माणको अन्तिम चरणमा रहेको मन्दिरमा प्रयोग भएका सबै कच्चा पदार्थ एउटै ढुङ्गा काटेर कुदिएको हो ।

बागलुङ नगरपालिका-५ मालिका स्थित शक्तिपीठ मालिका भगवती मन्दिरलाई एउटै चट्टान काटेर निकालिएको ढुङ्गालाई कुँदेर मन्दिर पुनःनिर्माण गरिएको छ । मालिका भगवती मन्दिरको नामबाट उक्त गाविसको नाम समेत मालिका राखिएको थियो । संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले चालु आर्थिक वर्षमा विनियोजन गरेको रु ५४ लाखबाट मालिका भगवती मन्दिर पुनःनिर्माण थालिएको र अहिले मन्दिरको पुनःनिर्माण अन्तिम तरणमा पुगेको मालिका भगवती मन्दिर व्यवस्थापन समितिका महासचिव खीम सापकोटाले जानकारी दिए । उनले मन्दिरसँगै गणेश मन्दिर, शत्तल, घण्टी, प्रवेशद्वार र तारबार गरी रु एक करोडको संरचना तयार भइरहेको बताए ।

अन्य पूर्वाधार मालिका मन्दिर दर्शनका लागि आउने भक्तजन तथा मालिका मन्दिरसँग आस्था जोडिएर देश विदेशमा रहनुभएकाबाट रु एक हजारदेखि रु चार लाखसम्म सहयोग प्राप्त भइरहेको सापोटाले जानकारी दिए । उनले मन्दिरमा उठेको सहयोगले कुँवेरधाम मन्दिरको मूर्ति तयार गरिएको बताए ।

"मन्दिर पुनःनिर्माण थालेपछि सहयोग उठ्यो, रु ५४ लाखमा पुनःनिर्माण थालिएको मन्दिर र अन्यय मन्दिरसँग जोडिएका संरचनासहित रु एक करोडको पूर्वाधार निर्माण अन्तिम चरणमा छ, परापूर्व कालदेखि मालिकाको थानलाई पूजा गरिन्थ्यो, त्यही थानमा निर्माण गरिएको मन्दिर जीर्ण बनेपछि पर्यटन मन्त्रालयको बजेटले पुनःनिर्माण थालिएको थियो", उनले भने-"दिव्य शिलालाई घेरेर ढुङ्गा र काठ मात्रै प्रयोग गरेर कलात्मक रुपमा मन्दिर पुनःनिर्माण गरिएको छ, मन्दिरको अन्य संरचना निर्माणका लागि सहयोग जुट्ने क्रम जारी छ ।"

दिव्य शिला भएको स्थानलाई घेरेर तीन तलाको प्यागोडा शैलीमा मन्दिर निर्माण गरिएको छ । एउटै शिलाको ढुङ्गालाई काटेर मन्दिर निर्माण भइरहेको र भक्तपुरबाट कालिगढा ल्याएर मन्दिर निर्माण गर्ने कार्य चलिरहेको छ । कालिगडबाट ढुङ्गा कुँदिएको, कलात्मक टुडाल र तामाले छाएको मन्दिर निर्माणले साच्चिकै मौलिकता झल्किन्छ । मल्लकालिन थानलाई मालिका भगवतीको रुपमा लिइएको किम्मदन्ती रहेको र मालिका मन्दिरलाई बागलुङको कालिका मन्दिरको बहिनीको रुपमा पूजा आजा गर्दै आएको उपभोक्ता समितिका अध्यक्ष मेघराज पाण्डेले जानकारी दिए ।

मल्लकालिन थान रहेको स्थानमा मालिका कालिकाको बहिनीको स्वरुपमा रहेको छ भने पुरातात्विक क्षेत्र समेत भएकाले मालिका भगवतीलाई यस क्षेत्रमा महत्वका रुपमा हेरिन्छ । कालिका र मालिकादुईबहिनीभएकोर कालीगण्डकीको जल कालिकामा चढाएर बाँकी रहेको जल मालिकामा चढाउने चलन रहेको अध्यक्ष पाण्डेले बताए ।

---

**जेलबाट...**

दीपाकी दिदी मञ्जु अर्यालले पनि दीपा कसरी सुजनसँग नजिकिइन् र घरमा गइन् भन्ने आफूले बुझ्न नसकेको बताइन् । 'हामी सबै अचम्म परेका छौं, हामीलाई उनीहरू नजिकिएको थाहै थिएन ।'-उनले भनिन् ।

कानुनका जानकार युवराज कंडेलले राजनीतिक दलको आबद्धताका आधारमा दलहरुले नै संरक्षण गरेर आपराधिक घटनामा दोषी ठहर भएर जेलमा रहेका व्यक्तिलाई रिहा गर्न लबिङ गर्ने गलत परिपाटीका कारण बुटवलको घटना दोहोरिएको टिप्पणी गरे ।

'सुजनलाई पुरै कैद सजाय भुक्तान गर्न नपर्ने गरी छिटै जेलबाट छुटाउँदा दुई अबोध बालिकासहित तीनजनाको अकालमै नृशंस हत्या भयो,' कंडेल भन्छन्-'यस्तै घटना धरै भएका छन्, ती सबैको नैतिक जिम्मेवारी जसले कैद मिनाहाको लागि लबिङ गरे उनीहरुले लिनुपर्छ र आइन्दा राजनीतिक पहुँचका आधारमा कैद मिनाहाको निर्णय रोकिनुपर्छ ।'

**भिजिट...**

'सम्मानित सदनमै आफ्ना धारणा राख्न सभामुखलाई आग्रह गरेको थिएँ,' लेखकले भने-'मंगलबारको प्रतिनिधिसभाको बैठकमा पनि राख्न सकिनँ । बुधबार पनि बैठक थियो विषय राख्न समय माग गरेको थिएँ । विषय राख्ने अवसर प्राप्त गरिनँ । प्रतिपक्षी साथीहरूको अवरोधका कारण सदनमार्फत् राख्न चाहेको, तर नसकेको कुरा पत्रकार सम्मेलन गरेर सबैलाई जानकारी होस् भनेर हामी प्रस्तुत भएका छौं ।'

**आज...**

माओवादीका अर्का एक सांसदका अनुसार अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले गृहमन्त्रीले राजीनामा नदिए जेठ १५ गते कडा रूपमा प्रस्तुत हुने गरी तयार रहन निर्देशन दिएका छन् । गृहमन्त्रीले बजेट अघिसम्म राजीनामा नदिए नाराबाजीसहित कडा रूपमा प्रस्तुत हुन भनेको ती सांसदको भनाइ छ ।

विपक्षी दलले संसद अवरुद्ध गरे सरकारले नाराबाजीबीच नै बजेट ल्याउने तयारी गरेको छ ।

अर्थमन्त्रीले बजेट प्रस्तुत गर्दा विपक्षीले अवरोध गरे पनि अर्थमन्त्री रोस्ट्रममा उभिएर पेस गर्नुको विकल्प नभएको एमालेका प्रमुख सचेतक महेश बर्तौलाले बताए ।

## शिक्षक आवश्यकता

यस श्री सिद्ध मा.वि. मा विद्यालय व्यवस्थापन समितिको मिति २०८२/०२/०८ गते बैठकको निर्णय अनुसार विज्ञान संघिय शिक्षण सिकाई अनुदान कोटामा अस्थायी शिक्षक पदपूर्ति गर्नुपर्ने भएकोले तपशिलका उल्लेखित पदको लागि योग्यता पुगेको नेपाली नागरिकबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

तह : मा.वि. योग्यता : बि.एसी वा सो सरह

बिषय : विज्ञान संघिय शिक्षण सिकाई अनुदान

दरखास्त दस्तुत : १५००

परिक्षाको किसिम : लिखित र अन्तरवार्ता

तलब नेपाल सरकारको नियम अनुसार

दरखास्त दिने अन्तिम मिति: २०८२/०२/१४ गते

बिधालय व्यवस्थापन समिति अध्यक्ष वीर बहादुर कुबर ९८६७३३३४२९

प्रधानाध्यापक डिल बहादुर केसी ९८४७३१४४०८

**श्री सिद्ध माध्यमिक विद्यालय**

**मालारानी-५, बार्गी, अर्घाखाची**

**श्री भूमि सुधार तथा मालपोत कार्यालय नवलपरासी (ब.सु.प.)बाट प्रकाशित हकदावी सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना।**

चन्नुल भरको नातिहरू, रामपृत भरको छोराहरू जिल्ला नवलपरासी (ब.सु.प.), साविक गा.वि.स. गुठी सूर्यपुरा, वार्ड नं. १ हाल परिवर्तित प्रतापपुर गाउँपालिका, वार्ड नं. ७ मा बस्ने गोविन्द प्रसाद भर (राजभर)-१, विर बहादुर भर-१, जितन्दर भर-१ र राम नन्द भर-१ समेत जना ४ (चार) ले मूल पुरुष गजाधरको दुई छोराहरूमध्ये ऐजन ऐजन बस्ने हाम्रो आफ्नै जिजु बाजे एवम् निज मूलपुरुषको जेठो छोरा सन्हु भरको नाउँमा दर्ता श्रेस्ता कायम रहेको जिल्ला नवलपरासी, साविक गा.वि.स. ठूलो खैरतवा, वार्ड नं. ९/ख को कि.नं. ३८ ज.बि. ०-३-१० रहेकोमा निज सन्हु भरको मिति २०३०/०१/२५ मा तथा निजकी हकवाला एकमात्र पत्नी एवम् हाम्री जिजु बज्यै शुभावती भरिनको पनि मिति २०३२/०५/१० गतेका दिन मृत्यु भएको, निजहरूलाई पालनपोषण गर्ने निजहरूका एकमात्र हकवाला छोरा एवम् हाम्रा बाजे चन्नुल भर र निज चन्नुलको एकमात्र हकवाला पत्नी तथा हाम्री बज्यै कोइली भरको पनि मिति क्रमशः २०५०/०९/२५ मा र मिति २०५३/०९/०५ मा मृत्यु भएको र निजहरूलाई पालनपोषण गर्ने तथा मृत्युपछिको काजकिरिया गरी ऋणधन बोक्ने निजहरुको एकमात्र हकवाला छोरा एवम् हाम्रा बाबु रामपृत भर तथा निज रामपृतको पत्नी तथा हाम्री आमा सिगारी भरको पनि क्रमशः मिति २०७८/०५/१० मा र २०७७/०३/१५ मा आ-आफ्नै कालगतिबाट मृत्यु भएको हुँदा निज मृतक हकवालाहरूलाई जीवित रहँदामसम्म निजहरूको पालनपोषण गर्ने, सेवाटहल गर्ने तथा मृत्युपछिको काजक्रिया गरी ऋणधन व्यहोर्ने सम्पूर्ण काम गरेका जीवित हकवालाहरूमा निज मृतक जग्गाधनी एवम् जिजु बाजे सन्हु भरका हामी पनातिहरू जेठो गोविन्द प्रसाद राजभर - १, माहिँला बिर बहादुर भर-१, साहिँला जितन्दर भर- १ र कान्छा रामनन्द भर-१ समेत जम्मा ४ (चार) जना मात्र रहेको र उक्त जग्गा हाल हामी ४ दाजुभाइहरूले नै संयुक्त रूपमा जोतभोग समेत गर्दै आइरहेको हुँदा निज जिजु बाजेको सन्हु भरको नाउँको उक्त कि.नं. ३८ ज.बि. ०-३-१० जग्गा हामीहरूको संयुक्त नाउँमा नामसारी गराइपाऊँ भनी यस भूमिसुधार तथा मालपोत कार्यालय नवलपरासी (ब.सु.प.) मा दिएको माग दाबी निवेदन सम्बन्धमा निवेदकहरू गोविन्द प्रसाद राजभर -१, बिर बहादुर भर-१, जितन्दर भर- १ र कान्छा रामनन्द भर- १ समेत जना ४ बाहेक मृतक जग्गाधनी सन्हु भरको अन्य कोही हकवालाहरू भए, वा निज मृतक जग्गाधनीलाई जीवित छँदासम्म पालनपोषण गर्ने र मृत्युपछिको काजक्रिया गरी ऋणधन व्यहोर्ने काम अन्य कोही कसैले गरेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस श्री भूमिसुधार तथा मालपोत कार्यालय नवलपरासी (ब.सु.प.), परासीमा हकदाबीका लागि सम्पर्क गर्न आउन यो हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना सम्बन्धित सबैका लागि जारी गरिएको छ, अन्यथा नियामानुसार भइजाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**श्री भूमि सुधार तथा मालपोत कार्यालय नवलपरासी (ब.सु.प.)बाट प्रकाशित हकदावी सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना।**

चन्नुल भरको नातिहरू, रामपृत भरको छोराहरू जिल्ला नवलपरासी (ब.सु.प.), साविक गा.वि.स. गुठी वार्ड नं. १ हाल परिवर्तित प्रतापपुर गाउँपालिका, वार्ड नं. ७ मा बस्ने गोविन्द प्रसाद भर (राजभर)-१, बहादुर भर-१, जितन्दर भर- १ र राम नन्द भर-१ समेत जना ४ (चार) ले मूल पुरुष गजाधरको दुई छोराहरूमध्ये ऐजन ऐजन बस्ने हाम्रो आफ्नै कान्छो जिजु बाजे एवम् निज मूलपुरुषको कान्छो छोरा बन्हु भरको पत्नी/हाम्री कान्छी जिजु बज्यै जिउती भरिनको नाउँमा दर्ता श्रेस्ता कायम रहेको जिल्ला नवलपरासी, साविक गा.वि.स. गुठी सूर्यपुरा, वार्ड नं. १ को कि.नं. ८ ज.बि. ०-४-१० रहेकोमा निज जग्गाधनी जिउती भरिनको मिति २०३४/०१/२८ मा तथा निजको हकवाला पत्नी एवम् हाम्रा कान्छो जिजु बाजे पनि मिति २०३३/०७/१८ गतेका दिन मृत्यु भएकोमा निजहरूबाट कुनै हकवाला छोराछोरीको जन्म नभएको हुँदा निजहरूलाई जीवित रहँदासम्म पालनपोषण गर्ने, हेरचाह गर्ने, तथा मृत्युपछिको काजकिरिया गरी ऋणधन व्यहोर्ने काम हाम्रा आफ्नै जिजु बाजे सन्हु भरको छोरा/ हाम्रा बाजे चन्नुल भर र निजकी पत्नी एवम् हाम्री बज्यै कोइली भरले गरेको र निज निजहरूका एकमात्र हकवाला छोरा एवम् हाम्रा बाजे चन्नुल भर र निज चन्नुलको एकमात्र हकवाला पत्नी तथा हाम्री बज्यै कोइली भरले गरेकोमा निज बाजे बज्यैको पनि क्रमशः मिति २०५०/०९/२५ मा र मिति २०५३/०९/०५ मा मृत्यु भएको र निजहरूलाई पालनपोषण गर्ने तथा मृत्युपछिको काजकिरिया गरी ऋणधन बोक्ने निजहरुको एकमात्र हकवाला छोरा एवम् हाम्रा बाबु रामपृत भर तथा निज रामपृतको पत्नी तथा हाम्री आमा सिगारी भरको पनि क्रमशः मिति २०७८/०५/१० मा र मिति २०७७/०३/१५ मा आ-आफ्नै कालगतिबाट मृत्यु भएको हुँदा निज मृतक हकवालाहरूलाई जीवित रहँदासम्म निजहरूको पालनपोषण गर्ने, सेवाटहल गर्ने तथा मृत्युपछिको काजक्रिया गरी ऋणधन व्यहोर्ने सम्पूर्ण काम गरेका जीवित हकवालाहरूमा निज मृतक जग्गाधनी एवम् कान्छी जिजु बज्यै जिउती भरिनको जेठाजु सन्हु भरपट्टिका हामी पनातिहरू जेठो गोविन्द प्रसाद राजभर-१, माहिँला बिर बहादुर भर-१, साहिँला जितन्दर भर-१ र कान्छा रामनन्द भर १ समेत जम्मा ४ (चार) जना मात्र रहेको र उक्त जग्गा हाल हामी ४ दाजुभाइहरूले नै संयुक्त रूपमा जोतभोग समेत गर्दै आइरहेको हुँदा निज कान्छी जिजु बज्यै जिउती भरिनको नाउँको उक्त साविक गा.वि.स. गुठी सूर्यपुरा, वार्ड नं. १ कि.नं. ८ ज.बि. ०-४-१० जग्गा हामीहरूको संयुक्त नाउँमा नामसारी गराइपाऊँ भनी यस भूमिसुधार तथा मालपोत कार्यालय नवलपरासी (ब.सु.प.) मा दिएको माग दावी निवेदन सम्बन्धमा निवेदकहरू गोविन्द प्रसाद राजभर -१, बिर बहादुर भर- १, जितन्दर भर-१ र कान्छा रामनन्द भर-१ समेत जना ४ बाहेक मृतक जग्गाधनी जिउती भरिनको अन्य कोही हकवालाहरू भए वा निज मृतक जग्गाधनीलाई जीवित छँदासम्म पालनपोषण गर्ने र मृत्युपछिको काजक्रिया गरी ऋणधन व्यहोर्ने काम अन्य कोही कसैले गरेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस श्री भूमिसुधार तथा मालपोत कार्यालय नवलपरासी (ब.सु.प.), परासीमा हकदाबीका लागि सम्पर्क गर्न आउन यो हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना सम्बन्धित सबैका लागि जारी गरिएको छ, अन्यथा नियामानुसार भइजाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्क:

**तिनाउ सेनेटरी**

बुटवल-१०, सुखानगर, रूपन्देही,

फोन: ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्क:

**सीताराम सफा सेनेटरी**

भैरहवा

९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।

क्षेत्र: लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी



**विशाल सेनेटरी**

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297

# नदीमा आश्रित समुदायको वैकल्पिक पेशा बन्दै नेचर गाइड



**रामकुमार श्रेष्ठ**
*नवलपुर*

नवलपुरको अमलटारी, दिव्यपुरीलगायतका क्षेत्रबाट चितवन राष्ट्रिय निकुञ्ज घुम्न जंगल सफारी जाने पर्यटकहरुको वृद्धि भएसँगै नवलपुरका युवा समुदायमा नेचर गाइड पेशा प्रति आकर्षण बढेको छ।

राम्रो समूह पाए र बाह्य पर्यटकको गाइड हुन पाए पारिश्रमिकका अलवा राम्रो टिप्स पनि पाइने भएकोले यहाँ नेचरगाइडप्रति युवा पुस्ताको आकर्षण बढ्दो छ। पर्यटकहरुसँगसँगै घुम्न पनि पाइने र आम्दानी पनि हुने यो पेशा अहिले पछिल्लो समय व्यवसायिक समेत बन्दै गएको छ।

गण्डकी प्रदेशका पर्यटन तथा उद्योग मन्त्रालय, चितवन राष्ट्रिय निकुञ्ज र ताल परियोजनाको संयुक्त सहयोगमा माझी, मुसहर, बोटे कल्याण सेवा समिति नवलुपरको आयोजनामा कावासोती १५ अमलटारीमा सञ्चालित नेचर गाइड तालिममा कावासोती, देवचुली, मध्यविन्दुलगायतका क्षेत्रका युवा पुस्ताको सहभागिता रहेको छ।

सहभागी ४१ जनामध्ये ४१ जना नै परीक्षामा पास भएका छन्। तालिमको जिल्ला समन्वय समिति नवलपुरका प्रमुख बाबुराम विक, पर्यटन तथा उद्योग मन्त्रालयका सचिव तथा कर्मचारीहरु, निकुञ्जका कर्मचारीहरुको सहभागितामा समापन गरिएको छ।

तालिममा सहभागी कावासोती १५ बागखोरकी १९ वर्षीया सुजिता बोटेले नेचर गाइड तालिममा सहभागी भएपछि आफूहरुमा निकुञ्ज र पर्यापर्यटनको बारेमा जान्ने अवसर पाएको र यसले नदीमा आश्रित युवा समुदायलाई नेपालको जैविक विविधता संरक्षण र पर्यापर्यटन प्रवर्धनमा लाग्न प्रेरणा मिलेको बताइन्।

तालिममा विशेष गरी नारायणी नदी र निकुञ्जमा आश्रित बोटे, माझी, मुसहर, थारु समुदायका युवा युवतीहरुको सहभागिता रहेको ज्ञानबहादुर बोटे बताउँछन्। तालिममा युवाभन्दा युवतीहरुको सहभागिता बढी रहेको छ। सरकारले जंगल सफारी गर्दा एउटा समूहमा १ जना नेचर गाइड अनिवार्य गरेसँगै अहिले नेचर गाइडमा रोजगारीका अवसर बढेको ज्ञानबहादुर बोटेले बताए।

चितवन राष्ट्रिय निकुञ्जमा बाघ, भालु, गैंडा, जंगली हात्तीलगायत जरायो, मृग, हरिण, निल गाईलगायतका जंगली जनवारका साथै यहाँको जैविक विविधता र पर्यावरणको अवलोकन गर्न आन्तरिक तथा बाह्य पर्यटकहरु आउने क्रम बढको छ। यहाँ पर्यटकहरु आउने क्रम बढेसँगै नेचर गाईडको भविश्य पनि उज्ज्वल रहेको कावासोती १५ मा सञ्चालित अमलटारी होम स्टे भिलेजका अध्यक्ष प्रेमशंकर मर्दनिया बताउँछन्।

चितवन राष्ट्रिय निकुञ्जमा पर्यटक आउने क्रम बढेसँगै निकुञ्ज आसपास रहेका नवलपुर चितवनका होटल, होम स्टेलगायतबाट स्थानीयको जीवनस्तर उकासिएको छ भने जंगल सफारीबाट पनि निकुञ्ज आसपासका बासिन्दामा रोजगारीको अवसर पनि बढेको छ।

कावासोतीकी नेचर गाइडकी प्रशिक्षार्थी १९ वर्षीया गंगा महतोले नेचर गाइडले नेपालको पर्यटकीय क्षेत्रको बारेमा नेपालीलाई मात्र जानकारी गराउने नभएर विदेशबाट आएका बाह्य पर्यटकहरुलाई पनि यसको बारेमा जानकारी गराउन सकिने पेशा भएकोले युवा पुस्तका लागि निक्कै उपयोगी भएको बताइन्।

तर पछिल्लो समय पर्यटकहरु आउने क्रम बढेसँगै पर्यटन व्यवसायीहरुबिच भएको अस्वस्थ्य प्रतिस्पर्धा बढेको छ। यस क्षेत्रमा आएको अस्वस्थ प्रतिस्पर्धा हटाउन सके यस क्षेत्रको भविष्य राम्रो रहेको नेचर गाइडको प्रशिक्षक एवम् यहाँको जैविक विविधताको क्षेत्रमा अभियान्ताका रुपमा लागेका डीबी चौधरी बताउँछन्।

चितवन राष्ट्रिय निकुञ्जभित्र अहिले बाघ, भालु, गैंडालगायतका दुलर्भ जंगली जनवारहरुको दृष्यावलोकन मात्र नभई जटायु रेष्टुरेण्ट, नारायणी नदीमा पाइने जलचर, गोही प्रजनन् केन्द्र, निकुञ्जभित्र रहेका तालतलैयाहरु यहाँ आउने पर्यटकहरुको आकर्षकको प्रमुख केन्द्र बन्ने गरेका छन्।

# प्रादेशिक अस्पतालमा ब्लड बैंक राख्न व्यापार संघको डेढ करोड बढी लगानी




बुटवल। लुम्बिनी प्रादेशिक अस्पतालमा ब्लड बैंक स्थापना गर्न आवश्यक मेशिन खरिदमा रुपन्देही व्यापार संघले डेढ करोड रुपैयाँ लगानी गरेको छ। सङ्घले संस्थागत सामाजिक उत्तरदायित्वअनुसार प्रादेशिक अस्पतालमा रक्त सञ्चार सेवा केन्द्र (ब्लड बैंक) स्थापनाको लागि एक करोड ५८ लाख २० हजार नगद लगानी गरेको छ। जर्मनमा निर्मित अत्याधुनिक मेशिनहरू जडान गरिएको ब्लड बैंकमा एकै पटक एक हजार पिन्ट रगत सङ्कलन गरी भण्डारण गर्न सक्ने क्षमता रहेको छ।

आम सर्वसाधारण नागरिकहरूले अस्पतालबाटै रगत पाउन सकून् भन्ने उद्देश्यले उक्त उपकरण प्रदान गरिएको सङ्घका अध्यक्ष दीपक अधिकारीले जानकारी दिए।

सङ्घको आर्थिक लगानीमा स्थापना गर्न लागिएको ब्लड बैंकको जेठ १७ गते बिहान १० बजे लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आर्चायबाट उद्घाटन एवं शुभारम्भ गर्न लागिएको अध्यक्ष अधिकारीले जानकारी दिए।

समुद्घाटन पूर्व अस्पताल हाताभित्रै सोही दिन वृहत् रक्तदान कार्यक्रमको समेत आयोजना गरिएको र उक्त रक्तदान कार्यक्रममा ५०० जनाले रक्तदान गर्ने लक्ष्य राखिएको संघका महासचिव फर्सुराम पन्तले बताए।

सो ब्लड बैंकको दिगो संरक्षण, सम्बर्द्धन, मर्मत सम्भार र व्यवस्थापनको जिम्मेवारी अस्पतालको रहने तथा दुबै पक्षको समझदारीमा रक्त सञ्चार केन्द्र सरकारले बनाएको राष्ट्रिय नीतिअन्तर्गत आवश्यक कार्यविधि, समिति, नियमावली बनाई नीतिले तोके बमोजिम सञ्चालन गरिने प्रतिबद्धता गरिएको छ। सङ्घले ब्लड बैंक स्थापनालाई आफ्नो सामाजिक उत्तरदायित्वअन्तरगतको मेघा परियोजनाका रूपमा अगाडि बढाएको छ।

# आगामी मनसुनजन्य विपद्मा २० लाख जनसंख्या प्रभावित हुने आँकलन

बुटवल। आगामी मनसुनजन्य विपद्का कारण करिब २० लाख जनसंख्या प्रभावित हुने प्रक्षेपण गरिएको छ। गृहमन्त्री रमेश लेखकको अध्यक्षतामा बुधबार बसेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको ३२औँ बैठकले सो आँकलन गरेको हो। मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८२ समेत अनुमोदन गरेको छ।

प्राधिकरणका प्रवक्ता रामबहादुर केसीले प्राधिकरणको नेतृत्वमा विभिन्न सरोकारवाला मन्त्रालय तथा विभागका प्रतिनिधि रहेको समितिले तयार गरेको कार्ययोजनामा यस वर्षको मनसुनजन्य विपद्बाट देशभर करिब चार लाख ५७ हजार १४५ घरधुरीका १९ लाख ९७ हजार ७३१ जनसंख्या प्रभावित हुने आकलन गरिएको जानकारी दिए।

बैठकमा प्राधिकरणका कार्यकारी प्रमुख एवं कार्यकारी समितिका सदस्य सचिव इ दिनेशप्रसाद भट्टले कार्यकारी समितिको ३१औँ बैठकबाट भएका निर्णयको समीक्षा, स्वीकृति, आपत्कालीन गोदामघर सञ्चालन कार्यविधि, २०८१ (प्रथम संशोधन), विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (२०१८-२०३०) को कार्यान्वयनको अवस्थाबारेको अनुगमन प्रतिवेदन र चोभार गल्छीमा नदी प्रवाह सुचारुलगायतका प्रस्ताव पेस गरेका थिए।

बैठकले यस वर्षको मनसुनको पूर्वानुमान, विपद्बाट प्रभावित हुने अनुमानित केसलोड, मनुसनजन्य विपद्को पूर्वतयारी तथा प्रतिकार्यका लागि सरोकारवाला मन्त्रालय, विभाग तथा निकायको जिम्मेवारी, विषयगत क्षेत्र तथा सम्बन्धित निकायको मनसुन पूर्वतयारी र प्रतिकार्य कार्ययोजना, पूर्वतयारी र प्रतिकार्यका लागि आवश्यक सम्पर्क विवरण, सामग्रीहरुको मौज्दात तथा दक्ष जनशक्तिहरुको विवरण समेटिएको 'मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८२' पारित गरेको केसीले जानकारी दिए।

जल तथा मौसम विज्ञान विभागले यस वर्षको मनसुन ऋतुमा देशका अधिकांश स्थानमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना रहेको उल्लेख गरेको छ। बैठकले चोभार गल्छी साँघुरो भई गत वर्ष असोज १० गतेदेखि १३ गतेसम्म परेको अविरल वर्षाको कारण बागमती नदीमा पानीको सतह बढ्न गई काठमाडौँ उपत्यकाका नख्खु, कुलेश्वर, थापाथली, बल्खुलगायतका भू-भागमा डुबान भएको हुँदा पुनः उक्त प्रकारको क्षति हुन नदिन नेपाली सेनाबाट सहयोग लिई चोभार गल्छीमा रहेको अवरोध हटाउन सहरी विकास मन्त्रालयलाई निर्देशन दिने निर्णय गरेको छ। बैठकले आपत्कालीन गोदामघर सञ्चालन कार्यविधि, २०८१ (प्रथम संशोधन) सम्बन्धी प्रस्ताव पारित गरेको केसीले जानकारी दिए।

"कार्यकारी समितिको ३१औँ बैठकबाट भएका निर्णयको कार्यान्वयनको सन्दर्भमा भए गरेका कामको समीक्षा पनि गरेको छ। विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (२०१८-२०३०) को कार्यान्वयनको अवस्थाको सम्बन्धमा तयार भएको वार्षिक अनुगमन प्रतिवेदनबारे बैठकलाई जानकारी गराइएको छ।"-उनले भने।

# प्रदेशस्तरीय यु-१६ क्रिकेटः दाङ र रूपन्देही फाइनलमा




भैरहवा। रुपन्देहीमा जारी लीला सेन्चुरी मेमोरियल यु-१६ लुम्बिनी प्रदेशस्तरीय क्रिकेट प्रतियोगितामा दाङले बाँकेलाई ६ विकेटले पराजित गरेको छ। जितसँगै समूह 'बी'को विजेता बन्दै दाङ फाइनल पुगेको छ। यसअघि रुपन्देही समूह 'ए' को विजेता बन्दै फाइनल पुगिसकेको छ। यी दुई टीमबीच १६ गते उपाधिका लागि स्पर्धा हुनेछ।

बुधबार भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा भएको खेलमा टस जितेर ब्याटिङ गरेको बाँकेले निर्धारित ३५ ओभरमा सबै विकेट गुमाएर १ सय ४५ रन बनायो। उसका लागि भुवन शाहीले २९ र फर्दिन अली भाटले २२ रन बनाए। बलिङमा दाङका शुभम खनालले ३, करण जीएमले २ तथा दक्ष ठाकुर र सन्दीप थापाले समान १-१ विकेट लिए।

जवाफी ब्याटिङ गरेको दाङले २२ ओभर ५ बलमा ४ विकेट गुमाएर १ सय ४७ रन बनाउँदै जित निकाल्यो। उसको जितमा शुभम खनालले अविजित ३३, मनोज केसीले नटआउट २७, अमिस सेन्चुरीले २७, योगेश्वर कुँवरले १६ र करण जीएमले १० रन बनाए। बलिङमा बाँकेका दिव्यान्स बर्माले ३ तथा निखिल धनकुट्टाले १ विकेट लिए। खेलमा दाङका शुभम खनाल प्लेयर अफ द म्याच भएको लुम्बिनी प्रदेश क्रिकेट संघका सदस्य एवं खेल संयोजक प्रथम पराजुलीले जानकारी दिए।

लुम्बिनी प्रदेश क्रिकेट संघको आयोजना र रुपन्देही क्रिकेट संघको समन्वयमा राष्ट्रिय यु-१६ क्रिकेटका लागि लुम्बिनी प्रदेशस्तरीय टिम छनोट गर्न प्रतियोगिता आयोजना गरिएको हो। प्रतियोगितालाई भैरहवाका व्यवसायी रामकिसन विकले आफ्नी स्वर्गीय श्रीमती लीला सेन्चुरीको नाममा मुख्य प्रायोजन गरेका छन्।


## नियमित रुपमा स्वास्थ्य जाँच गरौं।

नियमित स्वास्थ्य परीक्षण किन ?

-प्राणघातक रोगहरुको प्रारम्भिक अवस्थामा नै पहिचान गर्न।
-पहिचान भएका रोगको समस्या नै रोकथाम तथा उपचार गर्न।
-सम्भावित रोगको पूर्वानुमान गरी बच्न र बचाउन।
-दीर्घ रोगबाट बच्न।
-उपचार खर्च कम गर्न।

त्यसैले

स्वास्थ्य परीक्षण स्वास्थ्यमा गरिने लगानी हो,
-आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई नियमित रुपमा परीक्षण गराऔं।
-स्वस्थ र निरोगी बनौं।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल


# किसानलाई अनुदानमा धानको बीउ वितरण

खजुरा (बाँके)। डुडुवा गाउँपालिकाले किसानलाई धानको बीउ वितरण सुरु गरेको छ। यस वर्षदेखि पालिका आफैँले बीउ तयार गरेर वितरण सुरु गरेको हो। धानको मूल बीउ उत्पादन गरी पालिकाले उन्नत जातको बीउ तयार गरी भण्डारण गरेको थियो।

समूह र सहकारी गरी जम्मा १४ सहकारीलाई ५० प्रतिशत अनुदानमा धानको बीउ बिक्री गरेको पालिकाका कृषि शाखा प्रमुख सुशीलकुमार शर्माले बताए। उनका अनुसार एक सय २० क्वीन्टल उन्नत जातको र ८० क्वीन्टल मूल बीउ किसानलाई सहकारी समूहमार्फत् अनुदानमा वितरण गरिएको हो। अस्सी क्विन्टल मूल बीउ लगाएपछि पालिकाले समय-समयमा प्राविधिकबाट परीक्षण गराई उत्पादनका आधारमा थप मुल बीउ खरिद गरी प्रशोधन तथा भण्डारण गर्ने प्रमुख शर्माले जनाए। धान खेतीका लागि २५ सय ८० हेक्टर क्षेत्रफल रहेको डुडुवामा यस वर्षको बीउले १४ सय हेक्टर क्षेत्रफललाई मात्र पुग्नेछ।

यस वर्षदेखि बीउ भण्डारण सुरु गरेको डुडुवाले विस्तारै बीउ उत्पादनमा जोड दिने पालिकाका अध्यक्ष नरेन्द्रकुमार चौधरीले बताए। पहिलो पटक धानको बीउ तयार गरेको पालिकाले यसवर्षदेखि गहुँको बीउ पनि प्रशोधन गर्ने तयारी गरेको छ। करिब दुई सय क्विन्टल गहुँ खरिद गर्ने लक्ष्य लिएकाले किसानको मागका आधारमा थप वृद्धि गर्दै जाने शाखा प्रमुख शर्माले जनाए। उनले अहिले गहुँ बालीको प्राविधिकमार्फत् ल्याब परीक्षण गर्ने कार्य भइरहेको बताए। किसानलाई पालिका आफैँले बीउ वितरण गरेपछि कृषि उत्पादनमा वृद्धि हुने, अन्यत्र खोज्न जान नपर्नेलगायत सुविधा भएको छ।

डुडुवामा करिब ९० प्रतिशत किसान खेतीपातीमा निर्भर रहेकाले पालिकाले किसानको सहजताका लागि बीउ उत्पादन गरी घरसम्म पुऱ्याउने लक्ष्यका साथ विशेष कार्यक्रम ल्याएको अध्यक्ष चौधरीले बताए। उनले बीउमा आत्मनिर्भर बनाउने रणनीति अनुसार बीउ भण्डारण तथा प्रशोधनका लागि अत्याधुनिक प्रशोधन प्लान्ट जडान गरी सञ्चालनमा ल्याइएको जनाए।

डुडुवाले आगामी दिनमा सबै कृषि बालीको बीउ उत्पादन तथा भण्डारण कार्य गर्ने कृषि शाखाले जनाएको छ। बीउ उत्पादनलाई प्रशोधन र बजारीकरणका लागि डुडुवा-२ स्थित सात सय मेट्रिकटन क्षमताको भण्डारण केन्द्र स्थापना गरिएको छ।


## आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्!

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com



## लु (तातोहावा)को असर र बच्ने उपाय

**लु.का असर**
- थकाई लाग्ने
-कमजोरी हुने
-बढी तिर्खा लाग्ने
-टाउको दुख्ने
-खुट्टा बाँउडिने
-रिङ्गटा लाग्ने
-बेहोस हुने
-मांसपेशी दुख्ने
-वान्ता हुने आदि।

**लु.बाट बच्ने उपाय**
-प्रशास्त पानी तथा झोल पदार्थ पिऊँ।
-शरीर कमजोर भएमा जीवन जल पिऊँ।
-शितल छहारीमा बसौं।
-घाम लागेको बेला खेतबारीमा काम नगरौं।
-घाममा निस्कँदा छाता ओढौं
-अत्यावश्यक कामबाहेक बाहिर ननिस्कौं।
-मौसमी फलफूल र तीनको रस सेवन गरौं।
-'लु' लागेमा नजिकको स्वास्थ्य केन्द्रमा सम्पर्क गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com